अनुसूची -२

(दफा ४ तथा अनुसूची-१ को भाग १ सँग सम्बन्धित)

# भीरकोट राजपत्र

---

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

---

खण्ड ७ संख्या १ मितिः २०८१/०३/२२

---

**भाग-२**

**भीरकोट नगरपालिका**

## भीरकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## बयरघारी , स्याङ्गजा

# बालकोष संचालन कार्यविधि
# २०८१

स्वीकृति गरिएको मिति २०८१/०२/२४

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्गजा

आपतकालिन एवं जोखिम अवस्थामा रहेका बालबालिकाको संरक्षणका लागि बालमैत्री स्थानीय शासन (CFLG) नगर समिति र नगर बाल अधिकार समिति भीरकोट नगरपालिका बयरघारी स्याङ्जा द्धारा स्थापना गरीएको

## बालकोष संचालन कार्यविधि -२०८१

भीरकोट नगरपालिका भित्रका आपतकालिन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण , उद्धार , राहत वितरण र परिवारिक पुनर्स्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्वर्द्धनका लागि स्थानीय स्तरमा आर्थिक स्रोतको स्थापना गरी यस नगरका ९ वटै वडा समेटी नगर स्तरीय बालकोषको स्थापना गरी संचालन गर्ने भनी गरेको निर्णय बमोजिम उक्त कोष संचालन गर्न देहाय बमोजिमको कार्याविधि तयार गरी स्वीकृत गरिएको छ।

### १.संक्षिप्त नाम र प्रारम्भः-

क) यो कार्यविधिको नाम " बालकोष कार्यविधि — २०८१ रहेको छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखी लागू हुनेछ।

### २. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) " कोष" भन्नाले यस कार्यविधिको ३ नं बुदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको बालकोष सम्झनु पर्छ।

ख) " नगर कार्यपालिका " भन्नाले भीरकोट नगरपालिका नगर कार्यपालिकालाई सम्झनुपर्छ।

ग) " आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका " भन्नाले कार्यविधिको ९ नं बुदामा उल्लेखित बालबालिकालाई समझनु पर्दछ ।

घ) " संचालक समिति " भन्नाले कार्यविधिको ४ नं बुदामा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ।

### ३.कोषको स्थापनाः —

१) नगर सभाबाट स्वीकृत भई बालबालिकाको विनियोजन बजेटबाट जोखिम अवस्थामा रहेका नगरपालिका भित्रका बालबालिकाको संरक्षण गर्न नगर कार्यपालिकाले यस बालकोषको स्थापना गरेको छ।

२) बालकोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ।

क) नगरपालिकाले ९ वटै वडा समेटी नगरपालिका स्तरीय कोषमा जम्मा गर्ने भनी पठाएको रकम ।

ख) विभिन्न संघ संस्था वा ब्यक्तिबाट सहयोग प्राप्त हुने रकम ।

ग) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

### ४. संचालक समितिको गठनः- कोषको ब्यावस्थापन , संचालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमका ५ सदस्यीय संचालक समिति रहनेछ।

| | |
|---|---|
| क) उप प्रमुख | संयोजक |
| ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ग) लेखा प्रमुख | सदस्य |
| घ) नगर बाल अधिकार समितिका सदस्यहरु मध्येबाट समितिले तोकेको १ जना | सदस्य |
| ङ) बालकल्याण अधिकारी | सदस्य सचिब |

**५.बालकोष संचालक समितिको काम कर्तब्य र अधिकारः-संचालक समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।**

क) आपतकालिन अवस्थामा रहेका बालबालिकाको पहिचान गरी तिनीहरुको तत्काल उद्धार गर्ने ,राहत वितरण गर्ने वा पारिवारिक पुनर्मिलन गर्ने गराउने ।

ख) सहयोगको आवश्यक्ता र उपलब्ध स्रोतको आधारमा सहयोग गर्ने ।

ग) बालबालिका नगर बाल संजालको बैठकमा सहभागि हुन आउदा आतेजाते रकम उपलब्ध गराइनेछ।

घ) बालमैत्री स्थानीय शासन ( CFLG)नगर समितिले दिएको उचित नियम पालना गर्ने ।

ङ) प्रत्येक ६ महिनामा कार्य प्रगती विवरण बालमैत्री स्थानीय शासन नगर समितिमा पेश गर्ने

च) कोषको आय व्ययको विवरण अद्यावधिक गर्ने ।

छ) कोषको बृद्धि गर्न नीति तथा कार्यक्रम र रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने , प्रत्येक बर्ष कोषमा रकम जम्मा गर्ने ।

ज) आपतकालिन अवस्थामा बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक काम गर्ने।

झ) संचालक समितिले गरेको आय-व्ययको विवरण बालमैत्री स्थानीय शासन नगर समितिमा पेश गर्ने ।

ञ) कोषको बृद्धिमा सहयोग गर्ने संघ संस्था वा ब्यक्तिको सम्मान गर्ने , विवरण अद्यावधिक गर्ने ।

**६. बालकोष संचालक समितिले गर्न नहुने कामहरुः-** संचालक समितिले देहाय बमोजिमका कामहरु गर्न गराउन हुदैन।

क) कोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै ब्यक्तिलाई लगानी गर्न ।

ख) तालिम ,गोष्ठी वा अन्य साधारण कार्यक्रममा रकम खर्च गर्न ।

ग) आपतकालिन अवस्थामा बालबालिकाको हकहित संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

**७. संचालक समितिको बैठकः-** आपतकालिन अवस्थामा बालबालिकाहरुको संरक्षणका लागि बालमैत्री स्थानीय शासन नगर समिति, बालमैत्री स्थानीय शासन वडा समिति , नगर बालअधिकार समित तथा वडा बाल अधिकार समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न संचालक समितिको बैठक देहाय बमोजिम बस्नेछ।

क) संचालक समितिको बैठक संयोजकले तोकेको मिति ,समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

ख) संचालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ। निजको अनुपस्थितिमा संचालक समितिको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

ग) संचालक समितिको सहमतिका आधारमा निर्णय हुनेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ।

घ) संचालक समितिको निर्णय सदस्य सचिबले प्रमाणित एवं अद्यावधिक राखेछ।

ङ) संचालक समितिको सम्पर्क स्थान बालमैत्री स्थानीय शासन नगर सम्पर्क शाखामा रहनेछ।

**८. लेखा परिक्षण र नगरपालिकाले नियुक्त गरेको लेखा परिक्षकबाट प्रत्येक बर्ष आय व्ययको विवरणको लेखा परिक्षण गराउनु पर्दछ।**

**९. आपतकालिन एवं जोखिम अवस्थाका बालबालिका अन्तर्गत देहायका बालबालिका पर्दछन।**

क) हराएका वा वेवारिसे अवस्थामा फेला परेका बालबालिका ।

ख) जोखिमपुर्ण निकृष्ट श्रममा संग्लग्न रहेका बालबालिका ।

ग) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका बालबालिका ।

घ) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्वहारबाट पिडित बालबालिका ।

ङ) दुर्घटनामा  परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका बालबालिका ।

च) बाबु आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धित रहेको कारणले वेवारिसे भएका बालबालिका ।

छ) यौनशोषण ,यौनदुर्व्यहार ,बेचविखन वा ओसार पसारमा परेका बालबालिका ।

ज) हिंसाबाट प्रभावित एवं पिडित भएका बालबालिका ।

झ) बाबु आमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका बालबालिका ।

ञ) अपाङ्ग भएका बालबालिका ।

ट) सुस्त मनस्थिति भएका बालबालिका ।

ठ) अपहरण वा शरिर बन्धक भएका बालबालिका ।

ड) सडक बालबालिका ।

ढ) एच.आई.भि.एडस सक्रमित भएका बालबालिका ।

ण) अन्य विशेष संरक्षणको आवश्यक्ता भई नगर बालअधिकारले तोकेका बालबालिका ।

## १०. निवेदन दिन सक्नेः-

यस कार्यविधिको ९ नं बुँदामा उल्लेख गरेका बालबालिकाहरुको संरक्षण उद्धार तथा राहतको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित आफ्नो परिचय खुल्ने गरी बालमैत्री स्थानीय शासन वडा समिति , वडा बाल

अधिकार समिति , बालमैत्री स्थानीय शासन नगर समिति नगर बालअधिकार समितिमा बालबालिकाको विस्तृत विवरण खुल्ने गरी निवेदन दिन सक्नेछ।

## ११. खाताको संचालनः-

बालकोषको रकम समितिको निर्णयले कुनै पनि नेपाल सरकारबाट मान्यता प्राप्त "ख" बर्गको बैंकमा खाता खोली जम्मा गर्न सकिनेछ। खाता संचालन गर्ने क्रममा चल्ति वा बचत दुबै प्रकारको खातामा खोल्न सकिनेछ। साथै प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त हस्ताक्षरमा खाता संचालनमा रहनेछ।

**१२. अन्य खर्चः-** कोषको संचालक समितिले आवश्यक ठानेका मसलन्द खर्च गर्न सक्नेछ ।

**१३. कोष खारेज हुन सक्ने अवस्थाः-** कुनै कारणबस कोष संचालन गर्ने आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित संचालक समिति , बालमैत्री स्थानीय नगर समिति तथा नगर बालअधिकार समितिको संयुक्त निर्णयले खारेज गर्न सकिने छ र कोष खारेज भएमा कोषमा रहेको रकम नगर बालअधिकार समितिको अगुवाईमा बालहितकारी कार्यक्रम संचालन गर्न सकिनेछ।

आज्ञाले
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत